# NSW का घरपरिवारहरूलाई उनीहरूको ऊर्जाको बिलहरू तिर्न मद्दत गर्ने हाम्रो प्रतिबद्धता



**NSW सरकार ती मानिसहरूको जीवनयापन खर्च कम गर्न मद्दत गर्न प्रतिबद्ध छ जसलाई यसको अत्याधिक आवश्यकता छ**

16 लाख न्यून-आय भएका परिवारहरू, पेन्सनरहरू, आफ्नै खर्चमा जीवनयापन गरिरहेका सेवानिवृत्त व्यक्तिहरू र परिवारहरू प्रत्येक वर्ष उनीहरूको बिजुली तथा ग्याँसको बिलहरू तिर्न सहायता स्वरूप एन.एस.डब्ल्यू. ऊर्जा छूट (NSW energy rebates) को लागि योग्य हुनेछन्।

अल्पकालीन आर्थिक कठिनाइ, संकट वा आपतकालीन स्थितिको सामना गरिरहेका व्यक्तिहरू पनि उनीहरूको ऊर्जा सेवाहरू सुचारू राख्न हालको  बिलहरू तिर्न सहायताको लागि योग्य हुन सक्छन्।

एन.एस.डब्ल्यू. ऊर्जा छूट प्राप्त गर्ने परिवारहरू, साथै हेरचाहकर्ताहरू, बढिरहेको बिजुली खर्च कम गर्न वित्तीय वर्ष 2023-24 मा अतिरिक्त अस्थायी ऊर्जा बिल राहतको लागि योग्य हुन सक्छन्।

यी  कार्यक्रमहरूको बारे, तपाईं योग्य भएनभएको र कसरी आवेदन दिने भन्ने थाहा पाउनुहोस्।

जून 2023

NSW GOVERNMENT

# एन.एस.डब्ल्यू. ऊर्जा छूट र संकटकालिन सहायता योजना

**अहिले ऊर्जा बिल सहायता र संकटकालिन सहायता भुक्तानी प्रदान गर्न एन.एस.डब्ल्यू. सरकारका 6 वटा छूट कार्यक्रमहरू जारी जारी छन्।**

योग्य हुनका लागि, तपाईं अनिवार्य रूपमा:

- एन.एस.डब्ल्यू. को बासिन्दा हुनुपर्ने छ,
- ऊर्जा बिलमा नाम भएको खाता बाहक हुनुपर्ने छ,
- तपाईंले योग्यता मापदण्ड पूरा गर्नुभएको प्रमाण प्रदान गर्नुपर्ने छ।

ग्राहकहरू एकभन्दा बढी ऊर्जा छूटको लागि योग्य हुन सक्ने छन्।



## खुद्रा वा अन-सप्लाई (on-supply) ग्राहक

आवेदन प्रक्रिया तपाईं एक खुद्रा ग्राहक हुनुहुन्छ वा अन-सप्लाई (एमबेडेड नेटवर्क) ग्राहक हुनुहुन्छ भन्ने कुरामा निर्भर गर्दछ।

- खुद्रा ग्राहकहरूले खुद्रा ऊर्जा बिक्रेताबाट सिधै ऊर्जा बिल पाउँछन्।
- अन-सप्लाई (एम्बेडेड (embedded) नेटवर्क) ग्राहकहरूले तपाईंको आवासीय समुदाय, रिटायरमेन्ट भिलेज, वा स्ट्राटा योजनाको मालिक वा व्यवस्थापनबाट, वा उनीहरूको तर्फबाट, ऊर्जा बिल वा इनभ्वाइस प्राप्त गर्दछन्।

यदि तपाईंलाई आफू खुद्रा वा अन-सप्लाई ग्राहक हो कि हैन भनेर निश्चित हुनुहुन्न कि भने, कृपया तपाईंको ऊर्जा बिलमा नाम उल्लेख गरिएको सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस्।

## न्यून आय घरपरिवार (छन्।) छूट र ग्याँस छूट

**न्यून आय घरपरिवार छूट (Low Income Household Rebate) ले मानिसहरूलाई उनीहरूको बिजुली बिलहरू तिर्न मद्दत गर्छ।**

**ग्याँस छूट (Gas Rebate) ले मानिसहरूलाई उनीहरूको प्राकृतिक ग्याँस बिल वा आवासीय एल.पी.जी. (liquefied petroleum gas; LPG) बोतलहरूको खर्च तिर्न मद्दत गर्दछ।**

योग्य हुनको लागि तपाईंसँग अनिवार्य निम्न मध्ये कुनै एक हुनु पर्दछ:

- पेन्सनर कन्सेसन कार्ड (Pensioner Concession Card)
- हेल्थ केयर कार्ड (Health Care Card)
- 'War Widow' वा 'War Widower Pension' वा 'Totally and Permanently Incapacitated' (TPI) वा 'Disability Pension' (EDA) लेखिएका डि.भि.ए. गोल्ड कार्ड (DVA Gold Card)

## कसरी आवेदन दिने

तपाईंलाई आफ्नो सेन्टरलिङ्क सन्दर्भ नम्बर (Centrelink Reference Number; CRN) वा सुरक्षा मामिला विभाग (Department of Veterans Affairs; DVA) नम्बर चाहिन्छ।

यदि तपाईं खुद्रा बिजुली र / वा ग्याँस ग्राहक हुनुहुन्छ भने, आवेदन हाल्न तपाईंको ऊर्जा खुद्रा बिक्रेतालाई सम्पर्क गर्नुहोस्।

यदि तपाईं अन-सप्लाई (एम्बेडेड नेटवर्क) बिजुली ग्राहक हुनुहुन्छ भने, सर्भिस एन.एस.डब्ल्यू. (Service NSW) को वेबसाइटमा गएर आवेदन गर्नुहोस्: **www.service.nsw.gov.au/transaction/apply-low-income-household-rebate-supplied-households**

यदि तपाईं अन-सप्लाई (एम्बेडेड नेटवर्क) ग्याँस वा एल.पी.जी. बोतल ग्राहक हुनुहुन्छ भने, से सर्भिस एन.एस.डब्ल्यू. को वेबसाइटमा आवेदन गर्नुहोस्: **www.service.nsw.gov.au/transaction/apply-gas-rebate-supplied-and-bottled-gas-households**

## मेडिकल ऊर्जा छूट

**मेडिकल ऊर्जा छूट (Medical Energy Rebate) ले मानिसहरूलाई उनीहरू वा उनीहरूसँग बस्ने कसैलाई अत्याधिक वातावरणीय तापमान (तातो वा चिसो) को सम्पर्कमा आउँदा शरीरको तापमानलाई स्व-नियमन गर्न असमर्थता छ भने को बिजुलीको बिल तिर्न मद्दत गर्दछ।**

योग्य हुनको लागि तपाईंले निम्न मध्ये कुनै एक धारण गर्नु पर्दछ:

- पेन्सनर कन्सेसन कार्ड
- हेल्थ केयर कार्ड
- डि.भि.ए. गोल्ड कार्ड

तपाईंले कम्तिमा 3 महिनादेखि तपाईंको उपचार गरिरहेको दर्ता भएको एक चिकित्साकर्मीबाट मूल्यांकन गराउन आवश्यक हुन्छ। तपाईंले कम्तिमा एक प्राथमिक योग्यता शर्त (Primary Qualifying Condition) र कम्तिमा एक माध्यमिक योग्यता शर्त (Secondary Qualifying Condition) पूरा गर्नु पर्दछ।

## कसरी आवेदन हाल्ने

तपाईंले आफ्नो चिकित्साकर्मीबाट Medical Energy Rebate Medical Declaration पूरा गराउन र हस्ताक्षर गराउन आवश्यक हुनेछ। यस प्रक्रियाको बारेमा थप जानकारीको लागि सर्भिस एन.एस.डब्ल्यू. को वेबसाइट हेर्नुहोस्।

यदि तपाईं खुद्रा बिजुली ग्राहक हुनुहुन्छ भने, आवेदन हाल्न तपाईंको ऊर्जा बिक्रेतालाई सम्पर्क गर्नुहोस्।

यदि तपाईं अन-सप्लाई (एम्बेडेड नेटवर्क) बिजुली ग्राहक हुनुहुन्छ भने, सर्भिस एन.एस.डब्ल्यू. को वेबसाइटमा गएर आवेदन हाल्नुहोस्: **www.service.nsw.gov.au/transaction/apply-medical-energy-rebate-supplied-households**

## पारिवार ऊर्जा छूट

**पारिवारिक ऊर्जा छूट (Family Energy Rebate) ले योग्य व्यक्तिहरूलाई यदि उनीहरूका आश्रित बच्चाहरू भएमा उनीहरूको बिजुलीको बिल तिर्न मद्दत गर्दछ।**

योग्य हुनका लागि तपाईंले अनिवार्य रूपमा:

- अघिल्लो आर्थिक वर्षमा पारिवारिक कर लाभ Family Tax Benefit; FBT) प्राप्त गरेको हुनु पर्नेछ,
- अष्ट्रेलियन कर कार्यालय (Australian Tax Office; ATO) मा गत आर्थिक वर्षको लागि तपाईंको आयकर विवरण दर्ता गरेको हुनु पर्नेछ,
- सेन्टरलिङ्कसँग तपाईंले प्राप्त गर्ने पारिवारिक कर लाभ भुक्तानीको टुङ्गो गरेको हुनु पर्नेछ।

### कसरी आवेदन हाल्ने

तपाईंले Services Australia द्वारा गत आर्थिक वर्षको लागि तपाईंले प्राप्त गर्ने पारिवारिक कर लाभ टुङ्गोटाङ्गो भएको पुष्टि गर्ने पत्र, र तपाईंको सेन्टरलिङ्क सन्दर्भ नम्बर (CRN) आवश्यक पर्दछ।

यदि तपाईं खुद्रा वा अन-सप्लाई बिजुली ग्राहक हुनुहुन्छ भने, सर्भिस एन.एस.डब्ल्यू. को वेबसाइटमा गएर आवेदन दिनुहोस्: **www.service.nsw.gov.au/transaction/apply-for-the-family-energy-rebate-retail-customers**

## जीवन सहायता छूट

**जीवन सहायता छूट (Life Support Rebate) ले तपाईं वा तपाईंसँग बस्ने कसैले घरमा स्वीकृत ऊर्जा-निर्भर घरेलु डायलाइसिस, भेन्टिलेटर र अक्सिजन कन्सन्ट्रेटरहरू जस्ता चिकित्सा उपकरणहरू प्रयोग गर्नु आवश्यक भएको अवस्थामा तपाईंलाई बिजुलीको बिल तिर्न मद्दत गर्दछ।**

योग्य हुनका लागि तपाईं अनिवार्य रूपमा:

- दर्ता भएका चिकित्सा पेशाकर्मीद्वारा तपाईंको मुख्य निवासस्थानमा स्वीकृत ऊर्जा-निर्भर चिकित्सा उपकरणको प्रयोग आवश्यक छ भन्ने प्रमाणित गरिएको हुनुपर्ने छ।

### कसरी आवेदन हाल्ने

तपाईंको चिकित्सा पेशाकर्मीले जीवन सहायता छूट घोषणा (Life Support Rebate Declaration) पूरा गरेर हस्ताक्षर गर्नु आवश्यक हुन्छ। यस प्रक्रियाको बारेमा थप जानकारीको लागि सर्भिस एन.एस. डब्ल्यू. को वेबसाइट हेर्नुहोस्।

यदि तपाईं खुद्रा ग्राहक हुनुहुन्छ भने, तपाईंको ऊर्जा बिक्रेतालाई सम्पर्क गर्नुहोस्।

यदि तपाईं अन-सप्लाई (एम्बेडेड नेटवर्क) बिजुली ग्राहक हुनुहुन्छ भने, सर्भिस एन.एस.डब्ल्यू. को वेबसाइटमा आवेदन हाल्नुहोस्: **www.service.nsw.gov.au/transaction/apply-life-support-energy-rebate-supplied-households**

## सिनियर्स ऊर्जा छूट

**सिनियर्स ऊर्जा छुटले (Seniors Energy Rebate) योग्य स्वतन्त्र अवकाश प्राप्त व्यक्तिहरूलाई उनीहरूको बिजुलीको बिल तिर्न मद्दत गर्दछ।**

योग्य हुनको लागि तपाईंसँग निम्न हुनु पर्नेछ:

- कमनवेल्थ सिनियर्स हेल्थ कार्ड (Commonwealth Seniors Health Card)

### कसरी आवेदन हाल्ने

तपाईंलाई आफ्नो सेन्टरलिङ्क सन्दर्भ नम्बर (CRN) चाहिन्छ।

यदि तपाईं खुद्रा वा अन-सप्लाई (एम्बेडेड नेटवर्क) बिजुली ग्राहक हुनुहुन्छ भने, सर्भिस एन.एस.डब्ल्यू. को वेबसाइटमा आवेदन दिनुहोस्: **www.service.nsw.gov.au/transaction/apply-seniors-energy-rebate**

## ऊर्जा खाता भुक्तानी सहायता (Energy Accounts Payment Assistance; EAPA)

**ई.ए.पी.ए. (EAPA) ले अल्पकालीन आर्थिक कठिनाइ, संकट वा आपतकालीन अवस्थाको सामना गरिरहेका व्यक्तिहरूलाई मद्दत गर्दछ, जस्तै:**

- **आयमा हानी,**
- **अनपेक्षित आवश्यक खर्चहरू,**
- **प्राकृतिक विपत्ति, वा**
- **जडान विच्छेद पत्र प्राप्त हुनु।**

ई.ए.पी.ए. लाई सबैभन्दा नयाँ र नतिरिएको ऊर्जा बिलहरूमा मात्र प्रयोग गर्न सकिन्छ। ई.ए.पी.ए हाल अन-सप्लाई (एम्बेडेड नेटवर्क) ग्राहकहरूको लागि उपलब्ध छैन।

### कसरी आवेदन हाल्ने

तपाईंले व्यक्तिगत रूपमा, अनलाइन वा फोन मार्फत आवेदन दिन सक्नुहुनेछ। थप जानकारीको लागि सर्भिस एन.एस.डब्ल्यू. को वेबसाइटमा जानुहोस्: **www.service.nsw.gov.au/transaction/energy-accounts-payment-assistance-eapa-scheme**

तपाईंले आवेदन दिएपछि, ई.ए.पी.ए. का प्रतिनिधिले तपाईंको योग्यता मूल्यांकन गर्न तपाईंलाई सम्पर्क गर्नेछन्। मूल्यांकनको समयमा, उनीहरूले तपाईंलाई तपाईंको संकटको विवरणहरूका बारेमा सोध्नेछन् र सहयोगी जानकारीको लागि सोध्न सक्छन् जस्तै समाप्ति सूचना वा रसिदहरू। प्रतिनिधिले तपाईंको ऊर्जा बिक्रेतालाई उनीहरूले तपाईंलाई कुन सहायता प्रदान गर्न सक्दछन् भनेर हेर्न सम्पर्क गर्नेछन्।

## थप सहयोग चाहिएमा

तपाईंको ऊर्जा बिक्रेतालाई उनीहरूको कठिनाई कार्यक्रमहरूको बारेमा सोध्नुहोस्।

अष्ट्रेलियन एनर्जी रेगुलेटर (Australian Energy Regulator) को निम्न Energy Made Easy वेबसाइट प्रयोग गरेर अहिलेको भन्दा राम्रो ऊर्जा सेवा योजना खोज्नुहोस्: **www.energymadeeasy.gov.au**

सर्भिस एन.एस.डब्ल्यू. सेभिङ्ग्स् फाईन्डर (Service NSW Savings Finder) उपकरण हेर्नुहोस्: **www.service.nsw.gov.au/campaign/savings-finder**, कुनै पनि सर्भिस एन.एस.डब्ल्यू. केन्द्रमा जानुहोस् वा 13 77 88 मा सोमवार देखि शुक्रबार बिहान 7 बजेदेखि बेलुका 7 बजेसम्म सर्भिस एन.एस.डब्ल्यू. लाई फोन गर्नुहोस्।

# आ.व. 2023-24 मा घरपरिवारहरूका लागि राष्ट्रिय ऊर्जा बिल राहत

**एन.एस.डब्ल्यू. का लगभग 16 लाख न्यून-आय भएका परिवारहरू, पेन्सनरहरू, आफ्नै खर्चमा जीवनयापन गरिरहेका सेवानिवृत्त व्यक्तिहरू र परिवारहरू उनीहरूको ऊर्जा बिलहरू तिर्न सहायताको लागि योग्य हुनेछन्।**

योग्य घरपरिवारले एउटा

# $500

**सम्मको बिल राहत भुक्तानी**

प्राप्त गर्नेछन् जसले उनीहरूलाई आर्थिक वर्ष 2023 -24 मा बिजुलीको बिल तिर्न मद्दत गर्नेछ।

## को योग्य हुनेछ

तपाईं 6 वटा एन.एस.डब्ल्यू. ऊर्जा छूट र राष्ट्रिय ऊर्जा बिल राहत भुक्तानीको लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने पत्ता लगाउनुहोस्।

**के उपलब्ध छ**

| **योग्यताको मापदण्ड** | एन.एस.डब्ल्यू. न्यून आय (बिजली) छूट | NSW ग्याँस छूट | NSW मेडिकल ऊर्जा छूट | NSW सीनियर्स ऊर्जा छूट | NSW परिवार ऊर्जा छूट | NSW जीवन सहायता छूट | 2023-24 राष्ट्रिय ऊर्जा बिल राहत |
|---|---|---|---|---|---|---|---|
| पेन्सनर कन्सेसन कार्ड (Pensioner Concession Card) | ✓ | ✓ | ✓ | | | | ✓ |
| हेल्थ केयर कार्ड (Health Care Card) | ✓ | ✓ | ✓ | | | | ✓ |
| 'War Widow' वा 'War Widower Pension' वा 'Totally and Permanently Incapacitated' (TPI) वा 'Disability Pension' (EDA) लेखिएका डि.भि.ए. गोल्ड कार्ड (DVA Gold Card) | ✓ | ✓ | ✓ | | | | ✓ |
| अन्य सबै DVA Gold कार्डहरू | | | ✓ | | | | ✓ |
| कमनवेल्थ सीनियर्स हेल्थ कार्ड | | | | ✓ | | | ✓ |
| न्यून आय हेल्थ केयर कार्ड | | | | | | | ✓ |
| Family Tax Benefit A र B | | | | | ✓ | | ✓ |
| हेरचाहकर्ता भत्ता (Carer Allowance) | | | | | | | ✓ |
| घरमा विशेष प्रकारका ऊर्जा-निर्भर जीवन सहायक उपकरणहरूको प्रयोग गर्ने व्यक्तिहरू | | | | | | ✓ | ✓ |

## कसरी आवेदन हाल्ने

यदि तपाईंले योग्य एन.एस.डब्ल्यू. ऊर्जा छूट प्राप्त गर्नुहुन्छ भने, तपाईंलाई स्वतः राष्ट्रिय ऊर्जा बिल राहत भुक्तानी प्रदान गरिनेछ र तपाईंले आवेदन दिनु पर्दैन।

यदि तपाईंले एन.एस.डब्ल्यू. ऊर्जा छूट प्राप्त गर्नुहुन्न र योग्य हुनुहुन्छ भने, उपयुक्त एन.एस.डब्ल्यू. ऊर्जा छूटको लागि आवेदन दिनुहोस् र तपाईंलाई स्वतः राष्ट्रिय ऊर्जा बिल राहत भुक्तानी गरिनेछ।

यदि तपाईं एन.एस.डब्ल्यू. ऊर्जा छूट प्राप्त गर्नुहुन्न र हेरचाहकर्ता भत्ता, न्यून आय स्वास्थ्य हेरचाह कार्ड वा DVA गोल्ड कार्ड प्राप्त गर्नुभएको छ भने, तपाईंलाई सेप्टेम्बर 2023 सम्म Services Australia वा Department of Veterans Affairs ले कसरी आवेदन गर्ने भन्ने जानकारी सहित सम्पर्क गर्नेछ।

थप जानकारीका लागि QR कोड स्क्यान गर्नुहोस्, वा **energy.nsw.gov.au/households/rebates-grants-and-schemes/national-energy-bill-relief** मा जानुहोस्।